मितिः २०७७।०९।१६

आज मिति **२०७७ साल पौष १६** गते विहिवारका दिन नेपालको संविधान, २०७२ को भाग १८ धारा २२३ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ४ दफा १९ बमोजिम गठित खडक नगरपालिका, नगर सभाको वैठक नगरपालिकाका नगरप्रमुख श्री हेमायु हक ज्युको अध्यक्षतामा, उप-प्रमुख ज्यू, तथा देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी तपसिल वमोजिम निर्णय गरियो ।

**प्रस्तावहरु**

१. विनियोजन ऐन, २०७७ मा थप तथा संसोधन गर्न वनेको विधेयक, २०७७ अनुमोदन सम्बन्धमा ।
२. विशेष सार्वजनिक निर्णयहरु स्वीकृति सबन्धमा ।
३. नगर सभाको वैठक समापन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १:**

प्रस्ताव नं १ माथि छलफल हुँदा आ.व.२०७७/०७८ को यसै साथ संलग्न संलग्न विनियोजन ऐन, २०७७ मा थप तथा संसोधन गर्न वनेको विधेयक, २०७७ अनुमोदन गरियो ।

**निर्णय नं. २:**

प्रस्ताव नं २ माथि छलफल हुँदा तपसिल वमोजिमका नगर कार्यपालिकाको विशेष सार्वजनिक निर्णयहरु अनुमोदन गरियो ।

१। यसै साथ संलग्न तपसिल वमोजिमका कार्यविधि तथा नियमावलीहरु अनुमोदन गरियो ।

**तपशिल**

१. मेसिनरी उपकरण संचालनको लागि आवश्यक व्यवस्था गर्न वनेको नियमावली,२०७७
२. स्थानीय तहको सरकारवाट गरिने वजार अनुगमन निर्देशिका, २०७७
३. स्थानीय स्वास्थ्य तथा सफाई विध्ययेक, २०७७
४.लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७
५. खडक नगरपालिकाको अर्थिक सहायता वितरण मापदण्ड, २०७७

२। एस.एन.भि. नेपालको सहयोग तथा सवल नेपालको समन्वयमा यस नगरपालिकाद्धारा तपसिलका कार्यविधिहरु अनुमोदन गरियो ।

**तपशिल :**

१. नगर सफाई योजना सम्वन्धि कार्यविधि, २०७७
२. स्वच्छता तथा सरसफाईको बानी व्यहार परिवर्तनका लागि संचार रणनीति, २०७७
३. दिसाजन्य लेदो व्यवस्थापनमा पेशागत स्वास्थ्य तथा सुरक्षा सम्वन्धि संचालन कार्यविधि, २०७७

३। खडक न.पा. वडा नं. १ मा वाटो निर्माणको क्रममा नोखे मण्डलको छोरा वर्ष ११ को उमेश कुमार मण्डलको मृत्यु भएकोले उक्त परिवारलाई राहत स्वरुप रु ४ लाख न.पा.को चालु अर्न्तगत अन्य सहायता शीर्षवाट भुक्तानी गर्ने निर्णयलाई आत्मसात गर्दै अनुमोदन गरियो ।

४। संघीय(केन्द्रीय) सशर्त अनुदानवाट आ.व. ०७७।७८ को लागि प्राप्त सम्पूर्ण योजना तथा कार्यकक्रमहरु स्वीकृत गरी उचित कार्यान्वयनको लागि निर्णय गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

५। यसै खडक नगरपालिकाको **"शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७७"** अनुमोदन गरियो ।

६। यसै साथ संलग्न गत आ.व. २०७६।७७ को यथार्त आय व्याय विवरण अनुमोदन गरियो ।

७। जिल्ला समन्वय समितिको कार्यालय सप्तरी राजविराजको प.सं. ०७७।७८, च.नं. १४४, मिति २०७७।०८।१६ गतेको प्राप्त पत्रानुसार "स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम"(संचालन कार्यविधि) नियमावली, २०७७ वमोजिम यस न.पा.को लागि विनियोजित वजेट तथा कार्यक्रमहरु अनुमोदन गरि उचित कार्यान्वयनको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

राम नारायण साह
प्रमुख प्रशासकीय अधिकृत

८। प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगतका आएका थप सशर्त अनुदानका वजेट तथा कार्यक्रमहरु अनुमोदन गरी कार्यान्वयनका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

९। यस न.पा.को स्वीकृत अर्थिक ऐन, २०७७ वमोजिम अमिन फिल्ड चेक जाँच दस्तुर प्रति कित्ता वापत उठेको राजश्व मध्येवाट २५% मा नवढ्ने रकम मिति २०७७।०९।१७ गते देखि लागु हुने गरी कार्यप्रगति प्रतिवेदन अनुसार न.पा.मा कार्यरत अमिनलाई फिल्ड भत्ता वापत भुक्तानी गर्ने निर्णयलाई अनुमोदन गरियो ।

१०। यस आ.व.मा हाल सम्म नगरकार्यपालिका वैठकले गरेको सम्पूर्ण निर्णय र आर्थिक कारोवारलाई अनुमोदन गर्ने निर्णय गरियो ।

११। नेपाल सरकार, प्रदेश सरकार तथा अन्य दातृ निकायहरुवाट यस न.पा.को लागि थप वजेट तथा कार्यक्रमहरु आएमा उक्त कार्यक्रम तथा वजेटको स्वीकृति तथा कार्यान्वयन गर्ने अधिकार नगरकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रस्ताव नं ३ माथि छलफल हँदा हाल सम्म नगरको विकास निर्माणको कार्यमा सहयोग गर्ने सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दै सातौं विशेष नगर सभाको वैठक अन्त्य गर्ने निर्णय गरियो ।

राम नारायण साह
प्रमुख प्रशासकीय अधिकृत